**बैठक संख्याः-६-०७८/०७९**

आज मिति २०७९ साल असार ३२ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको वैठकको उपस्थिती र निर्णय देहाय वमोजिम गरियो।

| क्र स | दस्तखत | पद | नाम थर |
|---|---|---|---|
| १ | [signature] | नगर प्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | [signature] | नगर उप प्रमुख | श्री राजु खड्का |
| ३ | [signature] | वडा अध्यक्ष | श्री जय वहादुर के.सी. |
| ४ | [signature] | वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | [signature] | वडा अध्यक्ष | श्री सनी के.सी.(लक्ष्मण) |
| ६ | [signature] | वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | [signature] | वडा अध्यक्ष | श्री हरि प्रसाद शर्मा |
| ८ | [signature] | वडा अध्यक्ष | श्री रुद्र वहादुर के.सी. |
| ९ | [signature] | वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | [signature] | वडा अध्यक्ष | श्री छम वहादुर कार्की |
| ११ | | वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | [signature] | वडा अध्यक्ष | श्री तिल वहादुर थापा मगर |
| १३ | [signature] | वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | [signature] | वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | [signature] | वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | [signature] | वडा अध्यक्ष | श्री चक्र वहादुर खत्री |
| १७ | | कार्यपालिका सदस्य | श्री ज्योती के.सी (विष्ट) |
| १८ | [signature] | कार्यपालिका सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | [signature] | कार्यपालिका सदस्य | श्री धन माया शर्मा |
| २० | | कार्यपालिका सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | [signature] | कार्यपालिका सदस्य | श्री शान्ती वोसेल |
| २२ | | कार्यपालिका सदस्य | श्री सीता थापा |
| २३ | [signature] | कार्यपालिका सदस्य | श्री ढाका वहादुर परियार |
| २४ | | कार्यपालिका सदस्य | श्री चुरा वहादुर सुनार |
| २५ | [signature] | सदस्य सचिव | श्री पुरुषोत्तम सापकोटा |
| | अन्य उपस्थिती | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

निर्णय नं १

हाल बागलुङ नगरपालिकाको नगर प्रहरीले प्रयोग गरेको पोषाकको रंग नेपाल प्रहरीसंग मिल्न गएको हुँदा उक्त पोषाकको रंग परिवर्तन गरी खैरो (खागी) रंगको तोक्ने निर्णय गरियो ।

निर्णय नं २

बागलुङ नगरक्षेत्र भित्र बनेका पक्की सडकहरुको नाली समय समयमा सफा गर्ने व्यवस्था नभएको कारण वर्षको समयमा एकै पटक नाली सफाई गर्दा ठूलो लागत लाग्ने गरेकोले बजार क्षेत्रको नाली तथा ग्रामीण क्षेत्रमा रहेका पक्की सडक नालि नियमित रुपमा सफा गर्नको लागी आवश्यक प्रक्रिया पुरा गरी प्रतिशपर्धाका आधारमा ५ जना हेरालु राख्ने निर्णय गरियो ।

निर्णय नं ३

आर्थिक वर्ष २०७९।८० को लागी जिल्ला दररेट निर्धारण समितिबाट निर्धारण भएको निर्माण सामग्री र ढुवानीको दररेटलाई नै यस बागलुङ नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को लागि निर्माण सामग्री र ढुवानीको स्थानीय दररेट तोक्ने निर्णय गरियो ।

निर्णय नं ४

यस नगरपालिकाको नगर प्रमुखको सचिवालयमा २ जना र उप प्रमुखको सचिवालयमा २ जना गरी ४ जना सहायकस्तर पाँचौ तहको कम्प्यूटर अपरेटर नगरपालिकाको आन्तरिक स्रोतबाट व्यभार हुने गरी कानून वमोजिम सेवा करारमा लिई काममा लगाउने निर्णय गरियो ।

निर्णय नं ५

बागलुङ नगरपालिकाद्वारा आर्थिक वर्ष २०७९।०८० को लागि निम्नानुसारको ठेक्कामा निम्नानुसार न्यूनतम ठेक्का रकम कायम गरी दरभाउपत्र आव्हान गर्ने निर्णय गरियो ।

क) चिप्लेटी बसपार्क पार्किङ शुल्क - ५ लाख १ हजार

ख) कवाडी निकासी कर - १३ लाख ५० हजार

ग) मालढुङ्गा स्थित ल्याण्डफिल्डमा पुनः प्रयोग हुने सामान कवाडी- ६ लाख

घ) विज्ञापन कर - ९ लाख १ हजार

निर्णय प्रमाणित

**निर्णय नं ६**

बागलुङ नगरपालिकामा कार्यरत कर्मचारी व्यवस्थापन सम्वन्धमा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

क) दैनिक ज्यालादारीमा (फोहोर व्यवस्थापन र सवारी चालक) बाहेकका कार्यरत कर्मचारीहरुलाई मिति २०७९ श्रावण १ गतेबाट काममा नलगाउने साथै फोहोर व्यवस्थापन र सवारी चालकमा खटिएका कर्मचारीहरुको सेवा करारमा नहुँदा सम्म साविककै कामकाजमा निरन्तर लगाउने।

ख) प्रतिस्पर्धात्मक प्रक्रिया पुरा नगरी सेवा करारमा रहेका कर्मचारीहरुको करार म्याद थप नगर्ने।

ग) वडामा रहेका कार्यालय सहयोगी र स्वास्थ्य चौकीमा कार्यरत कर्माचारीको हकमा सम्वन्धीत वडा समितिको सिफारिसमा मात्र म्याद थप गर्ने।

घ) माथि उल्लेखित बाहेकका करारमा कार्यरत कर्मचारीहरुको २०७९ श्रावणबाट ३ महिनाको लागी म्याद थप गरी कार्यविवरण दिइ काममा लगाउने ।

ङ) बागलुङ नगरपालिकाका स्थायी कर्मचारीहरुले स्वच्छिक अवकाश लिन चाहेमा निजले नियमानुसार पाउने सेवा सुविधा बाहेक थप १२ महिनाको खाइपाइ आएको तलव वरावरको सुविधा उपलब्ध गराउने र २०७९ श्रावण १ गते देखि लागु गरी ३ महिना सम्मका लागि स्वच्छिक अवकाश योजना ल्याउने ।

**निर्णय नं ७**

सुरक्षित आप्रवासन परियोजना(सामी) भिमपोखरा युवाक्लव मार्फत हालस्म संचालन भैरहेकोमा भिमपोखरा युवाक्लव र उक्त संस्थाका कर्मचारीहरुलाई यस नगरपालिकालाई सेवा पुर्याउनु भएककोमा धन्यवाद दिने निर्णय गरियो साथै यस नगरपालिकामा संचालन हुने सुरक्षित आप्रवासन (सामी) परियोजनाका लागि आवश्यक कर्मचारी सुरक्षित आप्रवाशन कार्यक्रम संचालन मार्गदर्शन २०७९ वमोजिम छनौट गर्न प्रकिया अघि वढाउने निर्णय गरियो ।

**निर्णय नं ८**

आम भेलाको निर्णयबाट सम्वन्धित क्षेत्रको टोल विकास संस्था मार्फत योजना कार्यान्वयन गर्ने निर्णय भएको अवस्थामा टोल विकास संस्थाको कार्यक्षेत्र भित्रका योजनाहरु टोल विकास संस्था मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

भुक्तानी वाँकी रहेको योजना सम्वन्धमा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

क) आन्तरिक स्रोत तर्फको योजनाको भुक्तानी दिन बाँकी रहेका योजना आगामी आ.व. २०७९।८० को स्वीकृत बजेट अन्तर्गत गत आ.व.को दायित्व भुक्तानी शिर्षकबाट भुक्तानी दिने ।

ख) SUTRA वन्द भएको कारण भुक्तानी दिन बाँकी रहेका सशर्त तर्फका योजना भुक्तानी सम्वन्धमा आवश्यक निकासाको लागी सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

ग) विपदबाट पिडितहरुको क्षति र पिडितको आर्थिक अवस्था समेतको आधारमा कार्यपालिकाबाट अनुमोदन गराउने गरी औचित्यको आधारमा आर्थिक सहायता वा राहत वा पुनस्थापना सामग्री उपलब्ध गराउन नगर प्रमुखलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं १०**

नगरपालिकाको कर्मचारीको स्तरवृद्धी र ऐन खारेज विरुद्दको मुद्दाको कानुन व्यवसायीको शुल्क भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।